नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

कमरेडहरु,

स्थानीय तहको निर्वाचन भएको ४ बर्ष पुरा भै यसै बर्षको फाल्गुण चैत्रमा अर्को निर्वाचन हुँदैछ । विगत निर्वाचनमा हाम्रो पार्टीले मात्र झण्डै ४५ प्रतिसत एक्लै विजय हांसिल गरेको अवस्था हो । अब निर्वाचन नजिकिंदै जाँदा विगत निर्वाचनमा हामीले जितेका पालिकाहरुमा जनताको पक्षमा कति काम गर्न सक्यौं ? जनताको बिश्वास जित्न सक्यौं वा सकेनौं ? पालिकाहरुमा जनताको पक्षमा शुशासन कायम राख्न सक्यौं वा सकेनौं ? यसको मुल्यांकन आगामी निर्वाचनमा हुने छ । जाहां हामीले आंसिक मात्र जित्न सक्यौं वा पराजय भोग्यौं त्यस्ता पालिकाहरुमा हाम्रो पार्टी मार्फत खवरदारी गर्ने वा पार्टीको पहलमा पनि जनताका कामहरु गर्ने सवालमा हाम्रो भुमिका के रह्यो ? यसको आधारमा पनि आगामी निर्वाचनमा हाम्रो मुल्यांकन हुने छ । त्यसैले हाम्रो पार्टी अहिले देखि नै स्थानीय तहको निर्वाचनको तैयारीमा लाग्नु आवश्यक छ ।

यसै सन्दर्भमा यहि मिति २०७८ भाद्र ७ गते बसेको नेकपा (एमाले) स्थानीय तह विभाग प्रमुख क. देवेन्द्र दाहालको अध्यक्षतामा बसेको बैठकले गरेका निर्णयहरु कार्यान्वयको लागी केन्द्रीय कार्यालयको तर्फबाट यो सर्कुलर जारी गरिएको छ ।

१. प्रदेश कमिटीमा स्थानीय तह विभाग बनेको भए केन्द्रीय विभागको तर्फवाट प्रदेश जिम्मा पाउनु भएका कमरेडहरुसंग समन्वय गरिदिनु हुन अनुरोध गरिएको छ । यदि विभाग नबनेको अवस्था भए प्रदेश कमिटीको तर्फवाट एउटा टिम बनाएर जिम्मेवारी दिई यो काममा अविलम्ब खटाउनु हुनको लागी अनुरोध छ ।

२. जिल्ला कमिटीमा पनि बिभाग बनेको भए त्यसै मार्फत र विभाग नबनेको भए पनि एउटा टिम खटाई तथ्य तथ्यांक तथा रिपोर्ट संकलनको लागी केन्द्र र प्रदेशको तर्फबाट जिम्मेवारी लिनु भएका कमरेडहरुलाई समन्वयको वातावरण बनाई दिनु हुन अनुरोध छ ।

३. सबै जिल्ला कमिटीहरुले यसै सर्कुलरको साथमा पठाईएको पालिकाका निर्वाचित पदाधिकारी र पालिका पार्टी प्रमुखले संयुक्त रुपमा भर्ने फाराम भरी समयमै केन्द्रिय बिभागमा पठाउन निर्देशित गरिएको छ ।

शेरबहादुर तामाङ्ग
सचिव
केन्द्रीय कार्यालय

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

**स्थानिय तह विभागले गरेका निर्णयहरु :**

१. बैठकमा विभाग प्रमुखले प्रस्ताव गरी निर्णय भएको ३ महिने कार्ययोजना सुझाव सहित पारित भएको छ । पारित भएको कार्ययोजना निम्न अनुसार रहेको छ ।

- स्थानीय तहमा निर्वाचित गा.पा अध्यक्ष/उपाध्यक्ष, न.पा.प्रमुख/उपप्रखुख तथा जि.स.स प्रमुख/उपप्रमुखहरुको नामवली संकलन गर्ने र त्यसमध्ये नेकपा (एमाले) का जनप्रतिनिधिहरुको राष्ट्रिय भेलाको आयोजना गर्ने ।
- उक्त भेलामा ६२७ जना पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र ७३ जिसस प्रमुख उप-प्रमुख गरी जम्मा ७०० जनाको उपस्थिति रहने छ । हाम्रो पार्टी अध्यक्ष र माहासचिवले सम्बोधन गर्ने गरी यो कार्यक्रम भर्चुअल हुने छ । (आश्विन पहिलो हप्ता सम्ममा) ।
- यो राष्ट्रिय भेलाको कार्यसूची विभागका प्रमुख र सचिवले पार्टी नेताहरुको परामर्शमा तयार गर्ने ।
- त्यसपछि सबै प्रदेशमा प्रदेश स्तरिय भेला तथा प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने (अन्तरक्रियात्मक कार्यक्रम) ।
- सबै प्रदेशमा जिसस प्रमुख तथा उपप्रमुखहरुको पनि प्रदेश स्तरीय छुट्टै भेला तथा प्रशिक्षणको आयोजना गर्ने ।
- माथिका प्रदेश स्तरीय भेलाहरुको मिति र समय सहितको तालिका विभाग प्रमुख र सचिव सहितको सेक्रेटारियटले तयार गरी कम्तिमा ७ दिन अगावै सबै विभाग सदस्यहरुलाई जानकारी दिने ।
- उक्त भेलाबाट अहिलेसम्म हामीले गरेका कामहरुको समिक्षा गर्ने, त्यसमा जनताका मांग-आकांक्षाहरु र हामीले गरेका कामहरुको बारेमा बस्तुसंगत बिश्लेषण गर्ने । उक्त राष्ट्रिय भेलामा आउनु अघिनै अनुसुचि-२ अनुसारको एउटा फर्मेट तैयार गरी सम्बन्धित जनप्रतिनिधिहरु र पालिका स्तरको पार्टीलाई पठाईने छ । कार्यक्रम सुरु हुनु भन्दा ७ दिन अगाडी नै उक्त फर्मेट भरेर पठाउने गरी मातहत कमिटी मार्फत निर्देशन गर्ने ।
- हामीले आंसिक रुपमा जितेका वा हाम्रो उपस्थिति न्युन रहेका पालिकाहरुमा पनि हाम्रो पार्टीबाट उम्मेद्वार बनेका वा सम्बन्धित पार्टी कमिटी मार्फत आफ्नो पालिकाको परिस्थीति अनुरुपको जानकारी मुलक फर्मेट भरेर पठाउने ।
- उक्त फर्मेटको रिपोर्टको आधारमा केन्द्रीय विभागको तर्फबाट हाम्रो स्थानिय तहका कामहरुको ४ बर्षे कार्यकालको समग्र समिक्षा रिपोर्ट तयार पारिने छ ।
- उक्त समिक्षा रिपोर्ट पछि हाम्रा आगामी कार्यभार निर्धारण हुनेछन् र यसै बर्ष सम्पन्न हुन लागीरहेको स्थानिय तहको निर्वाचनको तैयारीमा लाग्न निर्देशन दिईने छ । यसरी देशव्यापी हामीले हाम्रो पार्टी नेकपा (एमाले) लाई विजयी बनाउने आधार तैयार गरिने छ ।
- प्रदेश-प्रदेशको तथ्य तथ्यांक, रिपोर्टीङ्ग र आवश्यक समन्वय गर्न निम्न अनुसार जिम्मेवारी तोकिएको छ ।

| क्र.सं. | नाम | जिम्मेवारी दिईएको प्रदेश | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १. | क.सोम पोर्तेल | प्रदेश १ | ९८५२६७७७०७ | |
| २. | क.हरि उप्रेती | प्रदेश २ | ९८५४०३६४१६ | |
| ३. | क.ध्रुव थपलिया | बाग्मति प्रदेश | ९८५१२३०६८९ | |
| ४. | क.राजु पौडेल | गण्डकी प्रदेश | ९८५७६३००६५ | |
| ५. | क.वासुदेव घिमिरे | लुम्बिनी प्रदेश | ९८५७०२५२६६ | |
| ६. | क.लक्ष्मी शाह | कर्णाली प्रदेश | ९८४९५९६४५० | |
| ७. | क.कृष्ण प्रसाद जैसी | सुदुर पश्चिम प्रदेश | ९८५११३७१३० | |

- पावर प्वएण्टमा तयार भएको “सम्बृद्धीको अभियानमा एमाले नेतृत्वको सरकारका ३ बर्ष” भन्ने सामाग्री बिभाग बैठकमा प्रस्तुत गरियो । उक्त सामाग्रीको बारेमा बिभाग सदस्यहरुको सुझावको आधारमा अझै समृद्ध बनाईने छ । बिभाग सदस्यहरुले १५ दिनभित्र सुझाव दिनुहुने छ । उक्त सामाग्रीलाई देशव्यापी लाने गरी कार्यक्रम बनाईने छ । उक्त सामाग्री सबै प्रदेशमा विभागको तर्फबाट प्रदेश जिम्मा लिनु भएका कमरेडहरु मार्फत पठाईने छ । यस सम्बन्धमा पार्टी केन्द्रले तयार पारेको पुस्तिका समेत आम कार्यकर्ता र जनताको विचमा विभागको तर्फबाट पनि व्यापक रुपमा लिएर जाने ।
- त्यसैगरी स्थानिय तहबाट भए गरेका कामहरुको वारेमा आ-आफ्नो कार्य क्षेत्रगतरुपमा सामाग्री तैयार गरी जनताको विचमा व्यापक रुपमा पठाउने साथै वार्ड तथा टोलहरुमा प्रशिक्षण मुलक कार्यक्रम संचालन गर्नु पर्ने छ। त्यसको गाईडलाईन स्थानिय तह विभागले दिने छ।

२. विभागबाट उक्त कामहरु भूगोलमा लागुगर्दा सम्बन्धित प्रदेश पार्टी कमिटी र जिल्ला पार्टी कमिटी संगको समन्वय र मार्ग निर्देशमा गर्नु पर्नेछ।

३. बिभागका काम, बिभिन्न कार्यक्रमको व्यवस्थापन र अन्य बिभिन्न गृहकार्य गर्नका लागी बिभाग प्रमुख क.देवेन्द्र दाहालको संयोजकत्वमा क.सिता सुन्दास, क.अशोक व्यान्जु, क.नवराज गेलाल, क.होम नारायण श्रेष्ठ, क.बिमल पोखेल समेतको सेक्रटारियट निर्माण गरिएको छ ।

४. विभागको सचिवको जिम्मेवारी क.नवराज गेलाललाई दिने सर्वसम्मत निर्णय गरिएको छ ।

५. वर्तमान राजनितिक परिस्थितिमा जनप्रतिनिधिहरुको अवस्थाको वारेमा विश्लेषण सहितको तथ्यांक संकलन गर्नको लागी प्रदेश जिम्मेवारी पाउनु भएका कमरेडहरुलाई नै गर्ने गरी जिममेवारी दिईएको छ ।

......................
देवेन्द्र दाहाल
प्रमुख
स्थानिय तह विभाग

मिति : २०७८ भाद्र ९ गते

अनुसूची-२

# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## स्थानीय तह विभाग

**(सवै पालिकाका प्रमुख/उपप्रमुख/अध्यक्ष/उपाध्यक्ष/जिसस प्रमुख र पार्टी अध्यक्षले भर्ने)**

पालिकाको नाम :　　क्षेत्रफल :　　जनसंख्या :　　जिल्ला :

| क्र.सं. | शिर्षक | आ.व.मा बजेज परिचालन | केन्द्रिय अनुदान | प्रदेश अनुदान | आन्तरिक श्रोत |
|---|---|---|---|---|---|
| १. | | २०७४/०७५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०७५/०७६ | | | |
| | | २०७६/०७७ | | | |
| | | २०७७/०७८ | | | |
| | | २०७८/०७९ | | | |
| २. | गरेका मुख्य मुख्य कामहरु | १.<br>२.<br>३.<br>४.<br>....<br>....<br>.... | | | |
| ३. | यस पालिकाले गरेका नमुनाको रुपपमा भन्न सकिने ३ वटा कामहरु | | | | |
| ४. | जनताका अपेक्षाहरु के थिए ? | १.<br>२.<br>३.<br>४. | | | |
| ५. | ति अपेक्षाहरु कति पुरा भए वा यस वर्षको बजेटले कति पुरा गर्दैछन् ? | १.<br>२.<br>३.<br>४. | | | |

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | जनतामा सन्तुष्टि | १.<br>२.<br>३.<br>४. | | | |
| ७. | तपाईहरु आफैलाई सन्तुष्टि | १.<br>२.<br>३.<br>४. | | | |
| ८. | पालिकामा सुसासन कार्यान्वयनको अवस्था | | | | |
| ९. | संसदिय दल बनेको वा नबनेका | | | | |
| १०. | पार्टी र जनप्रतिनिधि विचको अन्तर सम्बन्ध | | | | |
| ११. | ऐन नियमहरु के कति बनेका छन ? तिनिहरुको कार्यान्वयनको अवस्था र जनतामा तिनको प्रभाव | | | | |

थापाथली : फोन : ५९०८११४, ५९०८२१४, ५९०८३१४, पोष्टबक्स नं. ५४७१, ईमेल : centraloffice@cpnuml.org, वेवपेज: www.cpnuml.org
Thapathali, Kathmandu, Phone : +977-1-5908114, 5908214, 5908314, PO Box No: 5471, E-mail: centraloffice@cpnuml.org, Website : www.cpnuml.org

| | | | |
|---|---|---|---|
| १२. | पार्टीको फिडव्याक | | |

**प्रमुख/अध्यक्ष** **पालिका पार्टी अध्यक्ष** **उपप्रमुख/उपाध्यक्ष**

**पालिका** **पालिका**